# मिक्लाजुङ गाउँपालिका

## कर्मचारी प्रोत्साहन भत्ता वितरण कार्यविधि, २०७५

**गाउँ कार्यपालिकाबाट पारित मिति : २०७५/३/७**

## मिक्लाजुङ गाउँपालिका

**रवि, पाँचथर**

**१ नं. प्रदेश**

# कर्मचारी प्रोत्साहन भत्ता वितरण कार्यविधि–२०७५

**प्रस्तावना :**

मुलुक संघीयतामा गएसंगै देशको संरचना संघ, प्रदेश र स्थानीय तह हुँदा विगतको तुलनामा वजेटको आकार वढेसंगै विकासका ढोकाहरु खुलेका छन् । यस्तै स्थानीय तहमा २० वर्षपछि चुनाव भएर निर्वाचित गाउंपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र सदस्य लगायत जनप्रतिनिधीको आगमन हुदा नागरिकमा शासनप्रति आशा र विकासप्रति भरोसा बढेको छ । यसरी जनप्रतिनिधीको आगमन र जोस जागर, वजेटको आकार वढेर जानु र संविधान कार्यान्वयनको चरणमा रहनुले विकास, सुशासन र कानुनी शासनमा टेवा पुग्ने नागरिकको विश्वास चुलिएको पाइन्छ ।

संघीय संरचना कार्यान्वयनको चरणमा रहेता पनि कर्मचारी व्यवस्थापन सवल नहुँदा स्थानीय तहमा कर्मचारी अभाव हुनु राष्ट्रिय स्तरकै एक प्रमुख विषय वन्न पुगेको छ । यसले गर्दा स्थानीय तहमा खटिएका कर्मचारी रात दिन र सार्वजनिक विदा नभनी अहोरात्र खट्नु परेको छ । यसै सवालमा पाँचथर जिल्ला मिक्लाजुङ गाउपालिका अन्तर्गत खटिएका कर्मचारीका पनि पीर मर्का र दुखेसो छन् । यस्ता दुःखहरुका वावजुत पनि यहाँका कर्मचारीहरुले सेवा प्रवाहलाई छिटो, छरितो, चुस्त, पारदर्शी, प्रभावकारी र गुणस्तरीय वनाउन कम्मर कसेर लागि परेका छन् । कर्मचारीको अथक प्रयास रहेता पनि पर्याप्त कर्मचारी नहुदाँ दोहोरो जिम्मेवारी वहन गर्नु पर्ने, भौगोलिक विकटता र यातायातको असुविधा रहनु, वजेटको आकार ठूलो भए पनि सानो रकमका धेरै योजनाहरु वन्नुले कर्मचारीले दैनिक १० घण्टा काममा खट्नु पर्ने वाध्यता छ । कर्मचारीको यी जोस, जाँगर र परिश्रमलाई कायम गरिराख्न राज्यले दिएको सुविधाका अतिरिक्त थप प्रोत्साहन सुविधा दिन सके पक्कै पनि कर्मचारीहरुले मिक्लाजुङको उन्नत्ती, प्रगती, दोहोर अंकको आर्थिक विकास, सुशासन र समावेशीताको क्षेत्रमा व्यवहारमा देखिने गरी द्रुत गतिमा काम गर्नेछन् भन्ने अठोट रहेको छ ।

यसरी विभिन्न कठिनाइका वावजुत पनि अहोरात्र काममा खटिने कर्मचारीहरुको जोस जाँगरलाई यथावत राख्न सके गाउपालिकाको सामाजिक, आर्थिक, साँस्कृतिक र मानवीय विकासमा मद्दत पुग्ने कुरालाई मध्यनजर गर्दे कर्मचारी प्रोत्साहन भत्ता वितरण कार्यविधी २०७५ तयार गरी मिक्लाजुङ गाउपालिकाले लागु गरेको छ ।

**१. कार्यविधिको नाम :**

(क) यो कार्यविधिको नाम कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि २०७५ रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(क) कर्मचारी भन्नाले गा.पा. र वडामा कार्यरत गा.पा. को स्वीकृत दरवन्दिमा कार्यरत स्थायी कर्मचारीलाई वुझिनेछ । साथै सो शब्दले वडा सचिवको रुपमा कार्यरत विषगत कार्यालयका कर्मचारी समेतलाई वुझाउनेछ ।

(ख) गा.पा. भन्नाले मिक्लाजुङ गाउंपालिकालाई वुझाउनेछ ।

(ग) वडा भन्नाले मिक्लाजुङ गा.पा. का ८ वाटै वडा कार्यालयलाई बुझाउनेछ ।

(घ) वडाध्यक्ष भन्नाले गा.पा. का ८ वटै वडा अध्यक्षलाई बुझाउनेछ ।

(ङ) अध्यक्ष भन्नाले गा.पा. अध्यक्षलाई वुझाउनेछ ।

(च) उपाध्यक्ष भन्नाले गा.पा. उपाध्यक्षलाई जनाउनेछ ।

(छ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले मिक्लाजुङ गा.पा. को प्रमुख प्रशासकीय अधिकृतलाई वुझाउनेछ ।

(ज) भत्ता भन्नाले कर्मचारी प्रोत्साहन भत्ता भन्ने वुझिनेछ ।

**३. कर्मचारीको मूल्यांकनको भार देहाय बमोजिम हुनेछ ।**

(क) वडामा कार्यरत कर्मचारीको सम्बन्धमा

- वडाध्यक्षले दिने ४० अंक
- प्रमुख प्रशासकीय अधिकृतले दिने ३० अंक
- गा.पा. अध्यक्षले दिने ३० अंक

(ख) गाउँ पीलकामा कार्यरत कर्मचारीको सम्बन्धमा

- प्रमुख प्रशासकीय अधिकृतले दिने ४० अंक
- गा.पा. अध्यक्षले दिने ६० अंक

उपदफा (ख) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रशासन शाखा प्रमुखको हैसियतमा कार्यरत कर्मचारीले आफ्नो मूल्यांकन आँफै गर्ने छैन सो अवस्थामा प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारीले निजको मूल्यांकन गर्नेछ ।

(ग) प्रमुख प्रशासकीय अधिकृतको सम्वन्धमा

- गा.पा. अध्यक्षले दिने ६० अंक
- गा.पा. उपाध्यक्षले दिने ४० अंक

**४. भत्ता भुक्तानी विधि :** गाउँ सभाले पारित गरेको ५० तथा २५ प्रतिशत भत्तालाई शतप्रतिशत मानी प्राप्त भारित अंकको आधारमा भत्ता उपलव्ध गराइनेछ ।

**५ भुक्तानीको स्रोत :** कर्मचारीलाई गाउँसभाले तोकेको शिर्षकबाट भत्ता वितरण गरिनेछ। भत्ता उपलव्ध गराएपछि बाँकी रहेमा मात्र आन्तरिक स्रोतको रकम अन्य क्षेत्रमा खर्च गरिनेछ। आन्तरिक स्रोतबाट भत्ता अपुग भएमा मात्र नेपाल सरकारको बित्तिय समानीकरण अनुदानबाट उपलब्ध गराइनेछ।

**६. भत्ता भुक्तानीका आधार :** कर्मचारीको कार्यक्षमता, कार्यकुशलता, नियमितता र कार्य सम्पादन क्षमतालाई आधार मानिनेछ।

**७ यसै कार्यविधि वमोजिम भएको मानिने :** मिति २०७४ श्रावण १ गते देखी यो कार्यविधि लागू भएसम्म वितरण गरिएको भत्ता यसै कार्यविधि वमोजिम भएको मानिनेछ।

कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धि कार्यविधि २०७५ बमोजिम कर्मचारी मूल्यांकन फाराम

कर्मचारीको नाम :

पद: (श्रेणी खुल्ने गरी)

कर्मचारी संकेत नं. :

तलव स्केल : (ग्रेड समेत)

कर्मचारी कार्यरत कार्यालय :

मूल्यांकन गरिएको महिना :

| क्र.स. | मुल्यांकनकर्ताको पद | मुल्यांकनकर्ताको नाम | प्राप्त नम्बर | मुल्यांकन कर्ताको दस्तखत | कैफियत |
| --- | --- | --- | --- | --- | --- |
| १ | गा.पा. अध्यक्ष | | | | |
| २ | गा.पा. उपाध्यक्ष | | | | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | | | | |
| ४ | वडाध्यक्ष | | | | |